# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, ज्येष्ठ २० गते २०२६ साल [ संख्या ८

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको बीमा नियमहरू, २०२६ सर्व-साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### बीमा नियमहरू, २०२६

बीमा ऐन, ०२५ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बीमा समितिको सल्लाह लिई देहायबमोजिमको नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "बीमा नियमहरू, २०२६" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा 'ऐन' भन्नाले बीमा ऐन, २०२५ सम्झनु पर्छ ।

३. बीमकको दर्ताः– (१) ऐनको दफा ४ को उप–दफा (२) बमोजिम बीमा व्यवसाय गर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चाहने संगठित संस्थाले वीमकको रूपमा दर्ता हुन समितिको कार्यालयमा रू. २५००।– पच्चीस सय रूपैयाँ दस्तूर सहित अनुसूची १ बमोजिमको ढाँचामा निवेदनपत्र दिनुपर्छ ।

(२) उप-नियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले ऐनको दफा ४ को उप-दफा (३) अन्तर्गत निवेदकलाई विमकको रूपमा दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्छ ।

४. वीमकको दर्ताको नविकरणः– (१) नियम ३ को उपनियम (२) बमोजिम प्राप्त प्रमाणपत्र नविकरणको लागि ऐनको दफा ५ बमोजिमको म्यादभित्र समितिको कार्यालयमा रू. २५००। पच्चीस सय दस्तूर सहित अनुसूची ३ बमोजिमको ढाँचामा निवेदनपत्र दिनुपर्छ ।

(२) उपनियम (१) बमोजिम निबेदन प्राप्त भएपछि समितिले वीमकलाई ऐनको दफा ५ को उप-दफा (२) अन्तर्गत दर्ताको नविकरण गरी दिनु पर्छ ।

५. बीमा अभिकर्ताको दर्ता र नविकरणः– (१) ऐनको दफा ८ बमोजिम वीमा व्यवसायको अभिकर्ताको रूपमा काम गर्न चाहने व्यक्तिले बीमा अभिकर्ताको रूपमा दर्ता हुनको लागि समितिको कार्यालयमा रू. ५०।– पचास रूपैंयाँ दस्तूर सहित अनुसूची ४ बमोजिमको ढाँचामा निवेदनपत्र दिनुपर्छ ।

(२) उप-नियम (१) बमोजिम निवेदन प्राप्त भएपछि समितिले ऐनको दफा ८ को उपदफा (२) अन्तर्गत निवेदकलाई बीमा अभिकर्ताको रूपमा दर्ता गरी अनुसूची ५ बमोजिमको ढाँचामा इजाजतपत्र दिनुपर्छ ।

(३) उप-नियम (२) बमोजिम प्राप्त इजाजतपत्र नविकरणको लागि ऐनको दफा ८ को उप-दफा (७) मा उल्लेखित म्यादभित्र समितिको कार्यालयमा रू. ५०।– पचास दस्तूर सहित अनुसूची ६ बमोजिमको ढाँचामा निवेदनपत्र दिनुपर्छ र समितिले त्यस्तो इजाजतपत्रलाई नविकरण गरी दिनेछ ।

६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १

(नियम ३ को उपनियम (१) संग सम्बन्धित)

निवेदनपत्र

१. कम्पनी वा संस्थानको नाम र ठेगानाः– ... ... ... ... ...

२. प्रमुख कार्यालयको ठेगानाः– ... ... ... ...

अञ्चलः– ... ... जिल्लाः– ... ... टेलिफोन नंः– ... ...

३. अधिराज्यभित्रको प्रमुख कार्यालयको ठेगानाः–

४. प्रमुख अधिकारीको नामः–.......................................

५. कानूनी प्रतिनिधिको नाम र ठेगानाः–... ... ... ... ... ... ...

६. वीमक भए गत आर्थिक वर्षको अन्तिम मितिः–... ... ... ...

७. लेखापरिक्षकको नाम र ठेगानाः– ... ... ... ... ... ...

८. कर्मचारीहरूको संख्याः–... ... ... ... ... ...

नागरिकः–... ... ... ... ... ... ... ... ...अनागरिकः–... ... ... ...

९. वीमा अभिकर्ता, संख्याः–... ... ... ...

नागरिकः–... ... ... ... ... ... ... ... ...अनागरिकः–... ... ... ...

---

श्री अध्यक्ष,

वीमा समिति ।

महोदय,

हाम्रो .........वीमा ऐन, २०२५ को दफा ४ बमोजिम वीमकको रूपमा दर्ता भै प्रमाणपत्र प्राप्त गर्न लाग्ने दस्तूर सहित सोही ऐनको दफा ४ को उप-दफा (२) मा उल्लिखित कागजातको अतिरिक्त देहायको आवरणहरू पेश गरी अनुरोध गर्दछौं ।

उपर्युक्त कुराहरू साँचो हो । माथि उल्लेख भएका कुनै कुरा परिवर्तन गर्नु परेमा तुरून्त सूचना गर्नेछौं । प्रमाणपत्र प्राप्त भएमा दर्ता भएको वीमकको रूपमा वीमा ऐन, २०२५ र वीमा नियमहरू, २०२६ बमोजिम पालन गर्नुपर्ने कर्तव्य पूरा गर्नेछौं । र सो बमोजिम नगरेमा उक्त ऐन र नियमहरू बमोजिम सहने तथा बुझाउने छौं ।

भवदीय,

मितिः–

सही............

१. नेपालमा भएका सबै शाखा कार्यालयहरूको नाम, ठेगाना, टेलिफोन नं. तथा उच्च पदाधिकारीहरूको नाम,

२. यदि वीमक अधिराज्यबाहिर बसी काम चलाएको भए सो संगठित संस्था सो देशको कानून-बमोजिम गठित भएको प्रमाणपत्र,

३. वीमकले प्रदान गरेको वा गर्न लागेको प्रत्येक वीमा लेखको एक प्रति,

४. वीमकले गरेको वा गर्न खोजेको विभिन्न वीमा व्यवसायको नामावली, प्रत्येक व्यवसायको सम्पूर्ण प्रिमियम आम्दानी G. P. I. र सबभन्दा पछिल्लो सालको आर्थिक विवरणको प्रतिलिपि,

५. नेपालमा भएका व्यवसाय सम्बन्धी वीमकको सम्पत्ति र दायित्वको विवरण ।

83

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, आश्विन ६ गते २०२६ साल [ संख्या २४


श्री ५ को सरकार

अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको बीमा (प्रथम संशोधन) नियमहरू, २०२६ सर्बसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### बीमा (प्रथम संशोधन) नियमहरू, २०२६

बीमा नियमहरू, २०२६ (यसपछि मूल नियमहरू भनिएको) मा संशोधन गर्न आवश्यक भएकोले बीमा ऐन, २०२५ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बीमा समितिको सल्लाह लिई देहायबमोजिमको नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "बीमा (प्रथम संशोधन) नियमहरू, २०२६" रहेको छ ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमहरूको नियम ३ मा थपः– (१) मूल नियमहरूको नियम ३ को उप-नियम (१) पछि देहायबमोजिमको उप-नियम (१क) थपिएको छः–

(१क) उप-नियम १ बमोजिम बीमकको रूपमा दर्ता हुनको लागि दिइने निवेदन-पत्रमा देहायका कुराहरू समेत खुलेको हुनुपर्छः–




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बीमकको दायित्व निजको सम्पत्तिभन्दा बढी नभएको,

(ख) नेपाल अधिराज्यभित्र गरिने बीमा व्यवसायको दायित्व पूरा गर्न पर्याप्त सम्पत्ति नेपालमा राखिएको,

(ग) नेपालमा खोलिएको कार्यालय एउटा जिम्मेवार अधिकृत अन्तर्गत भएको, र

(घ) विदेशी बीमक भए बीमकको रूपमा दर्ता गर्न र त्यसपछि प्रत्येक वर्ष नवीकरण गर्न आउँदा सम्बन्धित मुलुकको अधिकार प्राप्त अधिकारीबाट सो मुलुकको बीमा व्यवसाय सम्बन्धी कानून बमोजिम व्यवसाय गरेको प्रमाणपत्र ।

(२) मूल नियमहरूको नियम ३ को उप-नियम (२) पछि देहायबमोजिमको उप-नियम (३) थपिएको छः–

(३) यी नियमहरू प्रारम्भ हुनुभन्दा अघि दर्ता भइसकेको बीमकले उप-नियम (१क) मा उल्लेखित कुराहरू यी नियमहरू प्रारम्भ भएको मितिले ३५ दिनभित्र जानकारीको लागि समितिमा लिखित सूचना दिनुपर्छ ।

३. मूल नियमहरूमा थपः– मूल नियमहरूको नियम ५ पछि देहायबमोजिमको नियम ६, ७ र ८ थपिएको छः–

६. हिसाब किताब राख्नु पर्नेः– (१) यी नियमहरू बमोजिम दर्ता भएका बीमकहरूले आफ्नो जीवन बीमा र निर्जीवन बीमा व्यवसायको आम्दानी खर्चको हिसाब स्पष्ट रूपमा छुट्टाछुट्टै देखिने गरी अनुसूची ७ बमोजिमको ढाँचामा राख्नुपर्छ ।

(२) बीमकले प्रिमियम र पुनर्बीमाको (स्वदेश र विदेशमा गरेको) विवरण अनुसूची ८(क), दाबीको विवरण अनुसूची ८(ख) र कम्पनीको सम्पत्ति र दायित्वको विवरण अनुसूची ८(ग) बमोजिमको ढाँचामा स्पष्ट देखिने गरी राख्नुपर्छ ।

७. जगेडा कोषः– जगेडा कोषमा राखिएको रकम जीवन बीमा व्यवसाय गर्ने बीमकको नेपालमा प्रकाशित गरिएको अभिलेखको आधारमा बीमाकीद्वारा तोकिएको सम्पूर्ण दायित्वभन्दा कम हुनुहुँदैन र निर्जीवन बीमा व्यवसाय गर्ने बीमाको नेपालमा भएका व्यवसायबाट हुन आएको आम्दानी खर्चको हिसाबमा देखाइएको कूल प्रिमियम आम्दानीको ५० प्रतिशतभन्दा घटी हुनुहुँदैन ।

८. बीमकले बीमा व्यवसाय गर्दा गर्न नपाउने कुराः– (१) कुनै पनि बीमकले कुनै किसिमको बीमा व्यवसायमा प्रिमियमको दर समितिको स्वीकृति बेगर बढाउन पाउने छैन ।

तर, बीमा गर्दा खास खतरा "इण्डिभिडयुयल रिस्क" पर्न आउने देखिएमा प्रिमियमको दर बढाउन सकिनेछ र त्यसको सूचना समितिलाई दिनुपर्छ ।

३९६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै पनि वीमकले वीमा अभिकर्तालाई वीमा लेख लिनेले बुझाउने प्रिमियमको १५ प्रतिशतभन्दा बढी कमिशन दिन पाउने छैन ।

(३) दर्ता भएका सबै वीमकहरूको मञ्जुरीबाट स्वीकार गरिएकोमा बाहेक कुनै वीमकले आफूले लिएको प्रिमियमबाट वीमा लेख लिनेलाई कुनै प्रकारको मिह्रा र छुट् दिन पाउने छैन ।

मुद्रण विभाग, सिंहदरबार

३९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–७

(नियम ६ को उप-नियम (१) संग सम्बन्धित)

. . . . . . . . . . . .व्यवसायको आम्दानी खर्चको हिसाब

कम्पनीको नाउँ. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . साल ।

| | चालू आर्थिक वर्ष | गत आर्थिक वर्ष: गत वर्षको | गत आर्थिक वर्ष: गत वर्ष भन्दा अघिल्लो वर्षको | | चालू आर्थिक वर्ष | गत आर्थिक वर्ष: गत वर्षको | गत आर्थिक वर्ष: गत वर्ष भन्दा अघिल्लो वर्षको |
|---|---|---|---|---|---|---|---|
| सालको शुरूको कोष<br>प्रिमियम (फिर्ता रकम कटाई)<br>पाएको कमिशन<br>अन्य आम्दानी (पुर्नविमा प्रिमियम रिकवरी सहित)<br>अन्य आम्दानी<br>नाफा नोक्सानी<br>सारेको नोक्सानी | | | | दावी तिरेको (साल्वेज कट्टा गरी), पुनर्बीमा रिकवरी, अनुमानित बाँकी दावी (सालको शुरूको जगेडा कटाई), तिरेको कमिशन, पुनर्वीमा प्रिमियम, व्यवस्थापन खर्च, अन्य खर्च (विषय छुटचाई), नाफा नोक्सानी हिसाबमा सारेको नाफा सालको अन्त्यको कोष (लगानीको विवरण छुटचाई) | | | |

ठीक छ भनी प्रमाणित गर्ने

लेखापरीक्षक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची--८ (क)

(नियम ६ को उप-नियम (२) संग सम्बन्धित)

प्रिमियम र पूनर्बीमाको (स्वदेश र विदेशमा गरेको) विवरण

कम्पनीको नाउँः–......................................................

.......................................................................

कूल प्रिमियम (फिर्ता रकम कटाई) ..........................................

स्वदेशमा गरेको पूनर्बीमा

ट्रिटी.........................

पयाकल्टेटिव.........................

कूल प्रिमियम आम्दानीको प्रतिशतमा.........................

पूनर्बीमा रिकवरी.........................

खूद प्रिमियम स्वदेशमा गरेको पूनर्बीमा पछिको.........................

विदेशमा गरेको पूनर्बीमा

ट्रिटी.........................

पयाकल्टेटिव.........................

जम्मा.........................

कूल प्रिमियम आम्दानीको प्रतिशत.........................

पूनर्बीमा रिकवरी.........................

पूनर्बीमा पछिको खद प्रिमियम.........................

प्रिमियम आम्दानीको प्रतिशत.........................

३९३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची--८ (ख)

(नियम ६ को उप–नियम (२) संग सम्बन्धित)

दावीको विवरण

कम्पनीको नाउँ... ... ... ... ... ... ... ... ... ... ... ...

---

कूल प्रिमियम (ग्रस प्रिमियम)....................

खूद प्रिमियम (विदेशी पूनर्वीमा गर्नुअगाडि)..........

कूल दावी तिरेको.........................

पूनर्वीमा रिकवरी (देशभित्रको मात्र) ...............

खूद दावी तिरेको.........................

तिर्नु पर्ने खूद दावी... ... ... ... ... ... ... ... ...

दावी भएको... ... ... ... ... ... ... ... ... ...

खूद प्रिमियमको प्रतिशतमा... ... ... ... ... ... ...

मुद्रण विभाग, सिंहदरबार

320 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची--८ (ग)

(नियम ६ को उप-नियम (२) संग सम्बन्धित)

**कम्पनीको सम्पत्ति र दायित्व**

कम्पनीको नाउँः–.......................................

किसिम.......................................

| विदेशमा | नेपाल भित्रको सम्पत्ति |
|---|---|
| चुक्ता पूंजी ............ | लगानी ... ... ... |
| चुक्ता पूंजी बाहेकको जगेडा .. | अचल सम्पत्ति ..... |
| **नेपाल भित्रको दायित्व** | **अरू सम्पत्ति** |
| बीमा कोष ............ | नेपालमा रहेका सम्पत्ति र दायित्वको अन्तर. . . . |
| तिर्नु पर्ने दावी.......... | |
| अरू बाँकी रकम ........ | |

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।

३२१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

322

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, मार्ग २७ गते २०२८ साल [ संख्या ३३


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

बीमा (दोश्रो संशोधन) नियमहरू २०२८

बीमा नियमहरू २०२६ (यसपछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न आवश्यक भएकोले बीमा ऐन २०२५ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बीमा समितिको सल्लाह लिई देहायको नियमहरू बनाएको छ :-

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरूको नाम "बीमा (दोश्रो संशोधन) नियमहरू २०२८" रहेको छ ।

(२) यो नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीको ८ मा संशोधनः- (१) मूल नियमावलीको नियम ८ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ ।

" (२) कुनै पनि बीमकले बीमा अभिकर्तालाई बीमालेख लिनेले बुझाउने प्रिमियमको रकममा देहाय[illegible]कमिशन[illegible]मात्र लागू हुनेछ।

४६२

(क) जीवन बीमामा २५ प्रतिशत, र

(ख) निर्जीवन बीमामा १५ प्रतिशत,"

(२) मूल नियमावलीको नियम ८ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ:-

"(२क) उपनियम (२) बमोजिमको कमिशनको अतिरिक्त बीमकले बीमा अभिकर्तालाई इन्सेन्टिम बोनस पनि दिन सक्नेछ।"

३. मूल नियमावलीमा थप:- मूल नियमावलीको नियम ८ पछि देहायको नियम ६ थपिएको छ:-

"६. बीमा अभिकर्ताको प्रमाणपत्र फिर्ता गर्नु पर्ने :- कुनै व्यक्ति बीमा अभिकर्ताबाट खारेज भएपछि निजले सो हैसियतले पाएको बीमा अभिकर्ताको प्रमाणपत्र सोझै वा सम्बन्धित बीमकमार्फत बीमा समितिमा फिर्ता गर्नु पर्नेछ।"

आज्ञाले-
हरिहरजंग थापा
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, आषाढ १८ गते २०३० साल [ संख्या १२

श्री ५ को सरकार
अर्थ मन्त्रालय

### बीमा (तेस्रो संशोधन) नियमहरू २०२९

बीमा नियमहरू २०२६ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन २०२५ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बीमा समितिको सल्लाह लिई देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यी नियमहरूको नाम "बीमा ( तेस्रो संशोधन ) नियमहरू २०२९" रहेको छ

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीको नियम १० थप :– मूल नियमावलीको नियम ९ पछि देहायको नियम १० थपिएको छ –

१०. बीमालेखका विवरण, शर्त र सुविधाहरू :– जीवन बीमा र निर्जीवन बीमालेखका विवरण, शर्त र सुविधाहरू बीमा समितिले तोकिदिए बमोजिमको हुनेछ ।

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

162

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।